अन्तिम मस्यौदा

सिरानचोक गाउँपालिका व्यावसायिक कर सुधार योजना, २०७७

(Siranchwok Business Tax Improvement Plan)

सिरानचोक गाउँपालिका

छोप्राक, गोरखा

गण्डकी प्रदेश

२०७७, मंसिर

भूमिका

सिरानचोक गाउँपालिकाको व्यवसाय कर सुधार योजना तयार गर्दा संघीय, प्रदेश र स्थानीय कानून तथा मार्गदर्शनहरूलाई आधार लिइएको छ । साथै सिरानचोक गाउँपालिकाको विद्यमान परिवेशमा व्यवसाय सम्बद्ध उपलब्ध आँकडाहरू, सम्भावनाहरू एवं मौजुदा वस्तुस्थितिलाई समेत विचार गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाउन सक्ने कानूनी प्रावधान रहेको छ । उक्त कानूनी प्रावधानलाई आधार मानी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अन्तर्गत गाउँपालिकामा दर्ता भई सञ्चालन हुने सबै प्रकारका व्यवसायलाई व्यवसाय करको दायरामा समेट्ने गरी यो कार्ययोजना तयार गरिएको छ । यसका साथै सिरानचोक गाउँपालिकाभन्दा बाहिर दर्ता भई गाउँपालिकाको क्षेत्रभित्र शाखा वा इकाईका रूपमा सञ्चालन हुने सबै प्रकारका व्यवसायलाई पनि व्यवसाय करको दायरामा समावेश गरिएको छ । बेलायत सरकारको पूर्णिमा परियोजनाका लागि मोट म्याकडोनाल्ड कम्पनीसँग भएको सम्झौता बमोजिम सिरानचोक गाउँपालिकाका लागि यो व्यवसाय कर सुधार योजनाको अन्तिम मस्यौदा तयार गरिएको हो ।

सिरानचोक गाउँपालिकामा व्यवसाय करका आधारहरू तय गरी सोसम्बन्धी कार्यनीतिहरू प्रस्ताव गर्दा यस गाउँपालिकाको न्यून आर्थिक स्थिति र अधिकांश व्यवसाय लघु, परम्परागत एवं साना भएको विद्यमान अवस्थालाई समेत विचार गरिएको छ । यसमा सिरानचोक गाउँपालिकाद्वारा लगाइने व्यवसाय करका कारण व्यवसायीहरू हतोत्साही नभई व्यवसाय प्रवर्द्धन तथा विस्तारमा सघाउ पुगोस् भन्ने मान्यतालाई ध्यान दिइएको छ । यसका लागि व्यवसाय करलाई सरल, सहज एवं व्यवसायमैत्री बनाउनेतर्फ यथोचित ध्यान दिइएको छ । यस कार्ययोजनामा सबै व्यवसायलाई दर्ता गरी के कसरी कर लगाउने भनी व्यवसाय करको स्वरूपसम्म प्रस्ताव गरिएको छ । सोका आधारमा व्यवसाय करका दरहरू निर्धारण गर्नुपर्नेछ । यो कार्ययोजना तयार गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा प्रकाशित गाउँपालिका/नगरपालिका व्यवसाय करसम्बन्धी कार्यविधि, २०७६ (नमुना) लाई पनि सन्दर्भ लिइएको छ ।

कोरोना संक्रमणका कारण व्यवसाय कर सुधार योजनाको तयारीका क्रममा अपेक्षाबमोजिम स्थलगत सर्वेक्षण गर्न नसकिएकाले गणकहरूबाट प्राप्त तथ्यांक तथा यस प्रारम्भिक मस्यौदा सम्बन्धमा मिति २०७७ भदौ २६ गतेका दिन गाउँपालिकाका सरोकारवाला पदाधिकारीसँग सम्पन्न भई दूरसञ्चार प्रविधि (जुम) बैठकमा प्रस्तुति तथा छलफलमा प्राप्त सुझावहरूलाई समेत समेटेर यो परिमार्जित मस्यौदा प्रस्तुत गरिएको थियो । सो परिमार्जित मस्यौदाका सम्बन्धमा मिति २०७७ असोज २६ गतेका दिन गाउँपालिकाको पदाधिकारीका साथै निजीक्षेत्र र नागरिक समाजका पदाधिकारीहरूको उपस्थिति (अनुसूची–१) मा गाउँपालिकामा भएको अन्तरक्रियामा प्राप्त सुझावहरूसमेतलाई उपयुक्तता अनुसार समेटेर यो अन्तिम मस्यौदा तयार गरिएको छ ।

यस कार्यमा सघाउनु हुने गाउँपालिकाका अध्यक्ष श्री राजु गुरुङ, उपाध्यक्ष श्री रीता देवकोटा, प्रमुख प्रशासकीय अधिकृत श्री राजन भट्टराई तथा अन्य पदाधिकारी तथा कर्मचारीहरू सबैलाई धन्यवाद दिन चाहन्छौं । यसै गरी यस महत्वपूर्ण कार्यमा समन्वय तथा सहजीकरण गर्नुहुने पूर्णिमा परियोजनाका श्री सन्तोष विष्ट, श्री रवीन्द्रबहादुर सिंह, श्री विकास पन्थी, श्री अर्जुन विश्वकर्मा, श्री शेरबहादुर बोहरालगायत सम्पूर्ण टोलीलाई विशेष धन्यवाद व्यक्त गर्दछौं ।

सेन्टर फर इम्पावरमेन्ट इनोभेसन एन्ड डेभलपमेन्ट (CEMID-Nepal)

२०७७, मंसिर **एकान्तकुना, जावलाखेल, ललितपुर**

विषयसूची

परिच्छेद- १ स्थानीय तहमा व्यवसाय करको सान्दर्भिकता १

१.२ स्थानीय तहमा मा व्यवसाय करका सिद्धान्त तथा मान्यताहरू १

परिच्छेद– २ सिरानचोक गाउँपालिकाको वित्तीय स्रोत परिचालनमा व्यवसाय करको स्थिति विश्लेषण ४

२.१ सिरानचोक गाउँपालिकाको समष्टिगत वित्तीय स्रोत परिचालन ४

२.२ आन्तरिक राजस्वमा व्यवसाय करको अनुपात ४

परिच्छेद– ३ सिरानचोक गाउँपालिकामा व्यवसाय करको कार्यान्वयन र सम्भाव्य आधारहरू ७

३.१ व्यवसाय करको कार्यान्वयन ७

३.२ व्यवसाय करको सम्भाव्य आधारहरू ८

परिच्छेद– ४ सिरानचोक गाउँपालिकाको व्यवसाय कर सुधार योजना १०

४.१ व्यवसाय कर सुधार योजनाको औचित्य १०

४.२ व्यवसाय कर सुधार योजनाको लक्ष्य ११

४.३ व्यवसाय कर सुधार योजनाको उद्देश्य ११

४.४ व्यवसाय कर सुधार योजनाको नीति ११

४.५ व्यवसाय कर सुधार योजनाको रणनीति ११

४.६ व्यवसाय कर सुधार योजनाको कार्यनीति ११

४.७ सिरानचोक गाउँपालिकाको व्यवसाय करको प्रस्तावित संरचना १५

४.८ व्यवसाय कर सुधार योजनाका अपेक्षित प्रतिफलहरू १७

४.९ व्यवसाय कर सुधार योजनाको सीमितता २१

अनुसूची- १ २२

अनुसूची- २ २३

परिच्छेद- १

स्थानीय तहमा व्यवसाय करको सान्दर्भिकता

१.१ स्थानीय तहमा व्यवसाय करको अवधारणा तथा औचित्य

स्थानीय सरकार सञ्चालनका लागि स्रोत साधनहरूको आवश्यकता पर्ने हुँदा आन्तरिक तथा बाह्य स्रोतहरू परिचालन गर्नुपर्ने हुन्छ । संघीय संरचनामा सम्बद्ध पालिकाका लागि आवश्यक पर्ने वार्षिक कार्यक्रम सञ्चालनका लागि तथा विकास खर्चहरू जुटाउन अन्तरसरकारी वित्तीय हस्तान्तरण (वित्तीय समानीकरण अनुदान, ससर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान र राजस्व बाँडफाँट) बाट मात्र प्राप्त रकमबाट नपुग हुने हुँदा न्यून हुन आउने रकमका लागि आन्तरिक स्रोतहरू परिचालन गरिनुपर्ने हुन्छ । संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ द्वारा स्थानीय सरकारलाई प्राप्त स्वायत्ततालाई उपयोग गर्दै स्थानीय सरकारले व्यवसाय करलगायत स्थानीय कर, शुल्क तथा दस्तुरहरू उठाउन सक्ने संवैधानिक तथा कानूनी व्यवस्था रहेको छ । आन्तरिक राजस्वका स्रोतहरूमा सम्पत्ति कर, व्यवसाय करलगायतका कर तथा गैरकर राजस्वहरू (दस्तुर, शुल्क आदि) पर्दछन् ।

गाउँपालिकाको दिगो विकासका लागि व्यवसाय करलगायत गाउँपालिकाको आन्तरिक राजस्वका स्रोतहरूको अनुपात क्रमिक रूपमा बढाउँदै लैजानुपर्ने आवश्यता छ । स्थानीय तहमा लगाइने व्यवसाय करको रकमबाट गाउँपालिकाको व्यवसाय प्रवर्द्धनका लागि लगानी गर्नमा सघाउ पुग्नका साथै स्थानीय आयमा समेत वृद्धि हुनेछ । गाउँपालिकाद्वारा लगाइने व्यवसाय करको प्रकृति प्रदेश र संघबाट लगाइने अन्य करहरूभन्दा भिन्न रहेकाले पनि यो करलाई दोहोरो करका रूपमा लिइनु हुन्न भन्ने मान्यता रहेको छ । उदाहरणका लागि संघीय सरकारद्वारा कारोबारमा मूल्य अभिवृद्धिबापतको कर, उत्पादनमा अन्तःशुल्क र मुनाफामा आयकर लगाइन्छ भने स्थानीय तहमा व्यवसाय दर्ता र सञ्चालन गरेबापत व्यवसाय कर लगाउने गरिन्छ । व्यवसाय करलाई सही किसिमबाट परिचालन गरिएमा स्थानीय तहमा रोजगारी सृजना र आय वृद्धि भई स्थानीय अर्थतन्त्रमा दिगो रूपमा टेवा पुग्नेछ । तथापि स्थानीय सरकारले व्यवसाय कर लगाउँदा उद्यम व्यवसायमैत्री हुन नसकेमा व्यवसायलाई प्रत्युत्पादक पनि हुन सक्नेछ ।

१.२ स्थानीय तहमा मा व्यवसाय करका सिद्धान्त तथा मान्यताहरू

स्थानीय तहमा लगाइने व्यवसाय करलाई उद्देश्यमूलक एवं नतिजाउन्मुख बनाउन यसमा कर प्रणालीका सर्वमान्य सिद्धान्तहरू अन्तरनिहित हुनुपर्दछ । स्थानीय करका सिद्धान्तहरूमा केही खास विशेषताहरू रहेका हुन्छन् । स्थानीय सरकारको व्यवसाय करबाट स्थानीयस्तरमा क्रियाशील उद्यमी तथा व्यवसायी करदातालाई अनुकुलता, स्थानीय सरकारलाई प्राप्त हुने राजस्व रकमको निश्चितता, व्यवसायको कारोबारको परिमाण एवं प्रकृतिका आधारमा करको दायित्व निर्धारण र कर निर्धारण एवं संकलनमा सहजताजस्ता विशेषताहरू रहेको हुनुपर्दछ । स्थानीय तहमा व्यवसाय कर लगाउँदा कर प्रणालीका निम्नबमोजिमका सर्वमान्य सिद्धान्त तथा मान्यताहरूलाई ध्यान दिइनुपर्दछ :

(क) व्यवसाय कर लगाउँदा समानता र समताको नियम (Canon of Equality and Equity) लाई विचार गर्नुपर्नेछ । अर्थात् बढी परिमाणमा कारोबार गर्ने व्यवसायीसँग बढी कर र थोरै परिमाणमा कारोबार गर्ने व्यवसायीसँग कम कर लिइनुपर्दछ ।

(ख) व्यवसायीले तिर्नुपर्ने व्यवसाय करको रकम, समयावधि, कर तिर्ने तरिका र कर तिर्ने निकाय निश्चित (Canon of Certainty) हुनुपर्दछ ।

(ग) व्यवसायीले तिर्नुपर्ने व्यवसाय करको कार्यविधि तथा समयावधि करदाताको अनुकुल (Canon of Convenience) हुनुपर्दछ ।

(घ) व्यवसाय कर संकलन गर्दा र करदाताले करको रकम बुझाउँदा कम खर्च लाग्ने (Canon of Economy) हुनुपर्दछ ।

(ङ) व्यवसाय करका कारणले उद्यम व्यवसायको उत्पादकत्व अभिवृद्धि (Canon of Productivity) मा सघाउ पुग्ने गरी व्यवसायमैत्री (Business Friendly) हुनुपर्दछ ।

(च) व्यवसाय करको संरचनामा आवश्यकताअनुसार समायोजन गर्ने गरी लचक एवं परिवर्तनशील (Canon of Elasticity/Flexibility) हुनुपर्दछ ।

(छ) व्यवसाय करको संरचनामा उपयुक्तता हेरी आवश्यकताअनुसार विविधता (Canon of Diversity) हुनुपर्दछ । तर व्यवसाय करका दरहरूमा विविधता भए तापनि कर लगाउने विधिमा भने एकरूपता (Canon of Uniformity) हुनुपर्दछ ।

(ज) स्थानीय सरकारले व्यवसायमा लगाउने करका अतिरिक्त संघ र प्रदेशस्तरमा पनि सोही प्रकारको व्यवसाय कर नलगाई अर्थात् दोहोरो किसिमले व्यवसाय कर तिर्नु नपर्ने (Canon of Coordination) हुनुपर्दछ ।

व्यवसाय कर प्रणालीका सर्वमान्य सिद्धान्त तथा मान्यताहरू

(क) समानता र समताको नियम (Canon of Equality and Equity)

(ख) निश्चित (Canon of Certainty)

(ग) करदाताको अनुकुल (Canon of Convenience)

(घ) कम खर्च लाग्ने (Canon of Economy)

(ङ) उत्पादकत्व अभिवृद्धि (Canon of Productivity) र व्यवसायमैत्री (Business Friendly)

(च) लचक एवं परिवर्तनशील (Canon of Elasticity/Flexibility)

(छ) विविधता (Canon of Diversity) र एकरूपता (Canon of Uniformity)

(ज) दोहोरो किसिमले व्यवसाय कर तिर्नु नपर्ने (Canon of Coordination)

(झ) सरल एवं सहज (Canon of Simplicity)

(ञ) तटस्थ व्यवहार (Canon of Neutrality)

(ट) फाइदा वा सघाउ पुगेको (Principle of Benefit) अनुभूति हुने

(ठ) तिर्न सक्ने क्षमता (Principle of Ability to Pay)

(ड) अधिकतम सामाजिक फाइदा (Principle of Maximum Social Advantage)

(ढ) प्रगतिशीलताका विशेषताहरू (Principle of Progrssion)

(ण) सहभागिताको सिद्धान्त (Principle of Participion)

(त) लचकता (Tax Buoyancy)

(थ) प्रशासकीय कार्यकुशलता र नियन्त्रण (Administrative Efficiency and Control)

(झ) व्यवसाय करको प्रशासन, कराधार र कर निर्धारण गर्ने तरिका तथा बुझाउने प्रक्रिया सरल एवं सहज (Canon of Simplicity) हुनुपर्दछ ।

(ञ) व्यवसाय कर लगाउँदा विभेदकारी नीति नलिई सबै उद्यमी तथा व्यवसायीलाई तटस्थ व्यवहार (Canon of Neutrality) गर्नुपर्दछ ।

(ट) उद्यमी तथा व्यवसायीमा स्थानीय सरकारलाई व्यवसाय कर तिरेको कारणले केही फाइदा वा सघाउ पुगेको (Principle of Benefit) अनुभूति हुनुपर्दछ । अन्यथा कर छल्ने वा नतिर्नेजस्ता विकृतिहरू बढ्न जाने सम्भावना रहन्छ ।

(ठ) स्थानीयस्तरमा व्यवसाय करको संरचना निर्धारण गर्नुअघि उद्यमी तथा व्यवसायीको तिर्न सक्ने क्षमता (Principle of Ability to Pay) लाई विचार गरिनुपर्दछ । व्यवसाय कर लगाउँदा यस मान्यतालाई विचार गरी समानुपातिक तवरले लगाइएमा सामाजिक न्यायमा समेत सघाउ पुग्नेछ ।

(ड) स्थानीयस्तरमा व्यवसाय कर लगाउँदा अधिकतम सामाजिक फाइदा (Principle of Maximum Social Advantage) लाई ध्यान दिइनुपर्दछ । अर्थात् व्यवसाय करबाट स्थानीय सरकारले आर्जन गरेको रकमलाई उत्पादन अभिवृद्धि, बिक्रीवितरण तथा आपूर्ति व्यवस्थामा सुधार र रोजगारीका अवसरहरूमा विस्तार भई स्थानीयवासीलाई सामाजिक फाइदा पुऱ्याउने किसिमको हुनुपर्नेछ ।

(ढ) स्थानीय सरकारले व्यवसाय कर लगाउँदा स-साना स्तरका उद्यम व्यवसायलाई न्यून कर लगाउने र ठूला स्तरका उद्यम व्यवसायलाई बढी अनुपातमा कर लगाउने गरी व्यवसाय कर प्रणालीमा प्रगतिशीलताका विशेषताहरू (Principle of Progrssion) हुनुपर्दछ ।

(ण) गाउँपालिकाको व्यवसाय कर प्रणालीको संरचना विकास तथा कार्यान्वयनमा व्यवसायीलगायत सरोकारवालाको सहभागिता सुनिश्चित हुने गरी सहभागिताको सिद्धान्त (Principle of Particiption) लाई ध्यान दिइनुपर्दछ ।

(त) स्थानीय तहको कुल आय वा गार्हस्थ्य उत्पादनमा भएको वृद्धिको अनुपातमा व्यवसाय करको दरलाई समायोजन वा वृद्धि गर्ने गरी व्यवसाय करमा लचकता (Tax Buoyancy) हुनुपर्दछ ।

(थ) व्यवसाय करको रकमलाई सोझै स्थानीय तहको सञ्चित कोषमा दाखिला हुने र बीचमा कसैले अपचलन गर्न नपाउने गरी यसको प्रशासकीय कार्यकुशलता र नियन्त्रणको व्यवस्था हुनुपर्दछ ।

परिच्छेद– २
सिरानचोक गाउँपालिकाको वित्तीय स्रोत परिचालनमा व्यवसाय करको स्थिति विश्लेषण

२.१ सिरानचोक गाउँपालिकाको समष्टिगत वित्तीय स्रोत परिचालन

यस गाउँपालिकाको मौजुदा वित्तीय स्थितिमा अन्तरसरकारी वित्तीय हस्तान्तरण (वित्तीय समानीकरण अनुदान, ससर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान र राजस्व बाँडफाँट) बाट प्राप्त हुने रकमको अनुपात अत्यधिक रहेको छ भने आन्तरिक स्रोतको अनुपात न्यून रहेको छ। गाउँपालिकाको वित्तीय स्रोतहरूको कुल प्राप्तिमा आ.व. २०७५/७६ तथा आ.व. २०७६/७७ को यथार्थ स्थिति र आ.व. २०७७/७८ को अनुमानलाई तालिका–१ मा प्रस्तुत गरिएको छ। प्रस्तुत आँकडाले यस गाउँपालिकाको कुल वित्तीय स्रोत प्राप्तिमा संघीय तथा प्रदेश वित्तीय हस्तान्तरणको अत्यधिक अनुपातलाई प्रस्ट्याउँदछ। हालका वर्षहरूमा आन्तरिक स्रोतको अनुपात करिब १ देखि ३ प्रतिशतसम्म रहेको विद्यमान स्थितिमा क्रमिक सुधार गर्दै जान सम्भाव्य आन्तरिक स्रोतहरूको दायरालाई विस्तार गर्नुपर्ने आवश्यकता छ।



तालिका – १ : सिरानचोक गाउँपालिकाको तुलनात्मक वित्तीय स्थिति (रु.लाखमा)

आर्थिक वर्ष	संघ तथा प्रदेशबाट वित्तीय हस्तान्तरण		आन्तरिक राजस्व		जम्मा प्राप्ति
	रकम	%	रकम	%	रकम
२०७५/७६ यथार्थ	४०,७१.५७	९९.०९	३७.२४	०.९१	४१,०८.८१
२०७६/७७ यथार्थ	४५,३४.२६	९८.५४	६६.९९	१.४६	४६,०१.२५
२०७७/७८ अनुमान	४९,७२.९३	९७.४८	१,२८.५०	२.५२	५१,०१.४३

द्रष्टव्य: *संघीय तथा प्रदेशस्तरबाट प्रत्यायोजित कार्यक्रमहरूका लागि प्राप्त हुने रकमहरूलाई जम्मा प्राप्तिमा समावेश गरिएको छैन।*

स्रोत : सिरानचोक गाउँपालिकाको वित्तीय विवरणहरू

२.२ आन्तरिक राजस्वमा व्यवसाय करको अनुपात

गाउँपालिकाले आर्थिक वर्ष २०७५/७६ मा आन्तरिक राजस्वअन्तर्गत विभिन्न शीर्षकहरूमा गरी यथार्थमा जम्मा रु. ३७.२४ लाख प्राप्त गरेको थियो। सोमध्ये कर राजस्वबाट रु. ११.२७ लाख (३०.२६ प्रतिशत) र गैरकर राजस्वबाट रु २५.९७ लाख (६९.७४ प्रतिशत) प्राप्त भएको थियो। यसैगरी आर्थिक वर्ष २०७६/७७ मा आन्तरिक राजस्वका विभिन्न शीर्षकहरूमा गरी यथार्थमा जम्मा रु. ६६.९६ लाख प्राप्त भएकोमा सोमध्ये कर राजस्वबाट रु. ४९.४१ लाख (

७३.७६ प्रतिशत) र गैरकर राजस्वबाट रु. १७.५८ लाख (२६.२४ प्रतिशत) प्राप्त भएको थियो । आर्थिक वर्ष २०७७/७८ को हकमा गाउँपालिकाले आन्तरिक राजस्वका विभिन्न शीर्षकहरूमा गरी कुल रु. १२८.५० लाख प्राप्त गरी सोमध्ये कर राजस्वबाट रु. ३१.५० लाख (२४.५१ प्रतिशत) र गैरकर राजस्वबाट रु. ९७.०० लाख (७५.४९ प्रतिशत) प्राप्त गर्ने अनुमान छ । यस आर्थिक वर्षको राजस्व अनुमानमा खानी रोयल्टीसमेत समावेश गरिएकोले गैरकर राजस्वको अनुपात बढी देखिएको हो । (तालिका–२) ।

आर्थिक वर्ष २०७५/७६ र २०७६/७७ दुवैमा सुरुमा बजेट पारित हुँदा व्यवसाय करको अनुमान गरिएको छैन । अनुसूचीमा भने व्यवसाय करका दरहरू भने तोकिएका छन् । तर ती दुवै आर्थिक वर्षमा व्यवसाय करबापत कुनै रकम प्राप्त भएको छैन । यसैगरी २०७७/७८ को बजेट अनुमानमा पनि व्यवसाय करबापत कुनै रकम अनुमान गरिएको छैन । जबकि व्यवसाय करका दरहरू भने कायम नै छन् ।

तालिका–२ : सिरानचोक गउँपालिकाको आन्तरिक राजस्व स्रोतको अनुमानित विवरण

क्र.सं	राजस्व स्रोत	आर्थिक वर्ष २०७५/७६ यथार्थ		आर्थिक वर्ष २०७६/७७ यथार्थ		आर्थिक वर्ष २०७७/७८ अनुमानित	
		रु.हजारमा	%	रु.हजारमा	%	रु.हजारमा	%
१	**कर राजस्व**	**११,२७**	**३०.२६**	**४९,४१**	**७३.७६**	**३१,५०**	**२४.५१**
१.१	सम्पत्ति कर	–	–	१७,५७	२६.२३	१५,००	११.६७
१.२	घर बहाल कर	२९	०.७८	५७	०.८५	५,००	३.८९
१.३	घर जग्गा रजिस्ट्रेसन शुल्क	–	–	–	–	–	–
१.४	व्यवसाय रजिस्ट्रेसन शुल्क	५,७१	१५.३३	१,०९	१.६३		
१.५	भूमि कर (मालपोत)	५,२७	१४.१५			११,५०	८.९५
१.६	विज्ञापन कर	–	–	–	–	–	–
१.७	व्यवसाय कर	–	–	–	–	–	–
१.८	सवारी साधन कर	–	–	३०,१८	४५.०५	–	–
२	**गैरकर राजस्व**	**२५,९७**	**६९.७४**	**१७,५८**	**२६.२४**	**९७,००**	**७५.४९**
२.१	सिफारिस दस्तुर	९,४८	२५.४६	१,११	१.६६	–	–
२.२	नक्सा पास दस्तुर	–	–	–	–	–	–
२.३	व्यक्तिगत घटना दर्ता दस्तुर	१,४९	४.००	१२	०.१८	–	–
२.४	अन्य दस्तुर	–	–	७,६५	११.४२		
२.५	सेवा शुल्क	–	–	–	–	२५,००	१९.४५
२.६	विभिन्न रोयल्टी (विद्युत्/पर्यटन)	–	–	–	–	२,००	१.५६
२.६	दण्ड जरिवाना	–	–	–	–	–	–
२.७	खानी रोयल्टि	–	–	–	–	७०,००	५४.४८
२.८	अन्य क्षेत्रको आय (कन्टिन्जेन्सी)	–	–	८,७०	१२.९८	–	–
२.९	विविध आय	१५,००	४०.२८	–	–	–	–
	जम्मा	**३७,२४**	**१००**	**६६,९९**	**१००**	**१,२८,५०**	**१००**

द्रष्टव्यः सवारी साधन करलाई गाउँपालिकाको आन्तरिक स्रोतमा उल्लेख गरिए तापनि यो रकम एकल कर अर्न्तगत प्रदेशवाट संकलन भई गांउपालिकालाई बाँडफाँट गरिनेछ ।

स्रोत : सिरानचोक गाउँपालिकाको वित्तीय विवरणहरू

परिच्छेद– ३
सिरानचोक गाउँपालिकामा व्यवसाय करको कार्यान्वयन र सम्भाव्य आधारहरू

३.१ व्यवसाय करको कार्यान्वयन

नेपालको संविधान र तहगत सरकारका कानूनबमोजिम गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाउन सक्ने व्यवस्था रहेअनुरूप यस गाउँपालिकाले प्रत्येक आर्थिक वर्षमा आर्थिक ऐनमा उल्लेख गरी व्यवसाय कर लगाउने गरेको देखिन्छ । यसरी व्यवसाय कर लगाउँदा गाउँपालिकाले राजस्व परामर्श समितिको परामर्शका आधारमा करका दरहरू निश्चित गरी कर लगाइने व्यवसायहरूको सूची तयार गर्ने गरिन्छ । उल्लेख भएबमोजिमको परामर्शका आधारमा कार्यपालिकामा विस्तृत छलफल गरी विधेयकमा समावेश गरेर गाउँसभामा पेस भएपछि सभाबाट कर लगाइने व्यवसायको सूची र करका दरहरू पारित हुने गरेको छ । गाउँपालिकाले व्यवसाय करको अलावा अन्यकर तथा गैरकर राजस्व उठाउने गरी ऐनको अनुसूचीमा समावेश गरी विभिन्न प्रकारका करहरू लगाउने गरेको छ । आर्थिक वर्ष २०७६/७७ मा व्यवसाय रजिस्ट्रेसन शुल्कबापत रु. ५ लाखको वार्षिक अनुमान देखाई वास्तविक संकलन रु. १.०९ लाख देखाइएकाले यस गाउँपालिकामा व्यवसाय करका सम्भावनाहरूलाई प्रस्ट्याउँदछ । यसैगरी उपलब्ध आँकडाअनुसार यस गाउँपालिकाभित्र पाँच सयभन्दा बढी विभिन्न स्तर एवं किसिमका उद्यम व्यवसाय सञ्चालनमा रहेकाले पनि व्यवसाय करका सम्भावनाहरू विद्यमान रहेको देखिन्छ ।

२०७७ को चैत्रबाट सुरु भएको कोरोना महामारीका कारण यस आर्थिक वर्षमा कर तथा गैरकरका दरहरू गत आर्थिक वर्षको तुलनामा वृद्धि नगरिएको र कतिपय करहरू छुट गरिएकाले २०७७/७८ मा आन्तरिक राजस्वको प्राप्तिलाई आर्थिक ऐन, २०७६ का दरहरूलाई नै निरन्तरता दिइएको छ । सिरानचोक गाउँपालिकाको आर्थिक ऐन, २०७७ द्वारा आर्थिक वर्ष २०७७/७८ मा लागू गरिएको व्यवसाय करको सूची र करका दरहरू अनुसूची–२ मा दिइएको छ । व्यवसाय करको सूची हेर्दा निकै लामो देखिन्छ तर गाउँपालिकामा सो बमोजिमका व्यवसायहरू सञ्चालनमा रहेको देखिँदैन । यसको कारणमा हालसम्म गाउँपालिकाभित्र सञ्चालनमा रहेका व्यवसायहरूको विस्तृत सर्वेक्षण भइसकेको छैन । सिरानचोक गाउँपालिकाले व्यवसाय करअन्तर्गत ४२ वटा मुख्य शीर्षकहरू कायम गरेर सो अन्तर्गत विभिन्न उपशीर्षकहरू कायम गरी वार्षिक रूपमा व्यवसाय करको रकम उपशीर्षकगत आधारमा तोकिएका छन् । तर गाउँपालिकाको आ.व. २०७६/७७ र आ.व. २०७७/७८ को अनुमानित आय-व्ययको विवरणमा भने व्यवसाय करको अनुमानित राजस्व उल्लेख गरिएको पनि देखिँदैन ।

सिरानचोक गाउँपालिकाद्वारा व्यवसाय करअन्तर्गत उद्यम व्यवसाय सम्बद्ध विभिन्न करहरू लगाउँदा सोको सम्भाव्यता तथा अवसरहरूबारे आवश्यक सर्वेक्षण, अध्ययन तथा विश्लेषणसहित स्पष्ट आधार तय गर्न सकेको छैन । विगत वर्षहरूमा व्यवसाय करबाट वार्षिक राजस्व प्राप्ति शून्य भए तापनि यसको संरचना विस्तृत एवं जटिल देखिन्छ । व्यवसाय करको अनुपात सीमित

रहनुका साथै यसको संरचना वैज्ञानिक एवं सुदृढ हुन सकेको देखिँदैन । व्यवसाय करको दायरा विस्तार हुन विद्यमान स्थितिमा सुधार गरी गाउँपालिकाको व्यवसाय करलाई सरल, व्यवसायीले बुझ्ने र व्यवसाय करको भार बेहोर्न कठिनाइसमेत नहुने गरी अनुकुल व्यावसायिक वातावरण सृजना गरेर सोही आधारमा व्यवसायमैत्री कर लगाउनुपर्ने चुनौति भने विद्यमान रहेको छ ।

३.२ व्यवसाय करको सम्भाव्य आधारहरू

सिरानचोक गाउँपालिकाले व्यवसाय कर लगाउनका लागि ठोस एवं वैज्ञानिक आधार अँगाल्नुपर्ने हुन्छ । यसका लागि उद्यम व्यवसायको प्रकृति, प्रयोजन, स्तर, अनुमानित वार्षिक कारोबारको मूल्य तथा परिमाण आदिलाई विचार गरी एक वा एकभन्दा बढी आधारलाई लिन सकिनेछ । व्यवसाय कर निर्धारणका लागि जस्तोसुकै आधारलाई लिइए तापनि माथि उल्लेख भएअनुसारका सिद्धान्त तथा पूर्वसर्त तथा आवश्यकताहरूको पालना हुनुपर्नेछ । सिरानचोक गाउँपालिकाले आफ्नो क्षेत्रमा लगाउने व्यवसाय करका दरहरू निर्धारण गर्नका लागि तल उल्लेख गरिएकामध्ये एउटै मात्र आधार नलिई व्यवसाय करको विषयगत प्रकृति एवं उपयुक्तता हेरी एकभन्दा बढी आधार लिन सकिनेछ ।

(क) आर्थिक वृद्धिको आधार

आगामी आर्थिक वर्षका लागि कायम गर्ने व्यवसाय करका दरहरू निर्धारण गर्दा सिरानचोक गाउँपालिकाको आर्थिक वृद्धि अर्थात् कुल गार्हस्थ्य उत्पादनमा भएको वृद्धि वा परिवर्तनलाई आधार मान्न सकिनेछ । यो अति नै वैज्ञानिक आधार हो, जसमा सिरानचोक गाउँपालिकाको कुल गार्हस्थ्य उत्पादनमा भएको वृद्धि वा गिरावटको अनुपातमा व्यवसाय करलाई समायोजन गरिन्छ । तथापि यस आधारलाई अँगाल्न स्थानीयस्तरमा कुल गार्हस्थ्य उत्पादनको यथार्थ गणना गर्न भने त्यति सजिलो छैन ।

व्यवसाय करका सम्भाव्य आधारहरू

- **आर्थिक वृद्धि**
- **तथ्यांकीय**
- **राजस्व वृद्धि दर**
- **व्यवसायमा लगानी तथा व्यवसायको प्रकृति**
- **तिर्न सक्ने क्षमता एवं व्यवसायमैत्री**
- **प्राकृतिक स्रोतहरूमा लाभ**
- **सम्झौता**
- **मूल्य वृद्धि तथा तथा जनसंख्याको औसत वृद्धि**
- **सन्दर्भ आधार**
- **यथार्थ राजस्व संकलन**

(ख) तथ्यांकीय आधार

उद्यम तथा व्यवसाय गर्नेको संख्या, व्यवसाय करका विद्यमान दरहरू, विद्यमान व्यवसाय करको दायरा र व्यवसाय करमा वृद्धिका सम्भावनासम्बन्धी तथ्यांक एवं विश्लेषण उपलब्ध भएमा यो विधि प्रयोगमा ल्याउन सकिन्छ । यस आधारलाई अँगाल्न तथ्यांकीय विश्लेषणको आवश्यता पर्नेछ ।

(ग) राजस्व वृद्धिदरको आधार

उद्यम तथा व्यवसाय गर्ने करदाताको विवरण प्राप्त हुन नसक्ने र बर्सेनि व्यवसाय करको दर परिमार्जन हुँदै आएकोमा राजस्व वृद्धि दरको आधारलाई प्रयोग गर्न सकिन्छ । आय वृद्धिदरका आधारमा प्रक्षेपण गर्दा रिग्रेसन (Regression) विधिलाई पनि प्रयोगमा ल्याउन सकिन्छ ।

(घ) व्यवसायमा लगानी तथा व्यवसाय प्रकृतिको

व्यवसायलाई गाउँपालिकाले कारोबारको आधारमा कर लगाउँदा संघीय सरकारले लगाउने मूल्य अभिवृद्धि करसँग दोहोरो पर्न सक्ने भई व्यवसायीमा करको भार बढी भएको महसुस हुनेछ । यस प्रकार गाउँपालिकाले लगाउने व्यवसाय करको कारण व्यवसायीलाई संघ र प्रदेशबाट एकै आधारमा दोहारो कर तिर्नुपर्ने अवस्था नपार्नका लागि व्यवसायको प्रकृति एवं लगानीको आधार लिन सकिनेछ ।

(ङ) तिर्न सक्ने क्षमता एवं व्यवसायमैत्री आधार

व्यवसाय कर प्रणालीद्वारा व्यवसायीमा कर तिर्न सक्ने क्षमता (Ability to Pay) र यस्तो कर प्रणाली व्यवसायमैत्री (Business Friendly) भई व्यवसाय करको भार सकेसम्म उपभोक्तालाई नपार्नेतर्फ विचार गरिनुपर्दछ ।

(च) प्राकृतिक स्रोतहरूमा लाभको आधार

गाउँपालिकामा अवस्थित ढुङ्गा, गिट्टी, बालुवाजस्ता नदीजन्य र खानीजन्य पदार्थलगायत प्राकृतिक स्रोतहरूको संकलन, उत्खनन र बिक्री सम्बद्ध व्यवसायमा सरकारी पक्षलाई बढी लाभ हुने गरी व्यवसाय करका दरहरू निर्धारण गर्न सकिनेछ । तर प्राकृतिक स्रोतको अत्यधिक दोहन हुने गरेकोमा वातावरणीय पक्षलाई विशेष ध्यान दिई प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्यांकन (IEE, EIA) प्रतिवेदनका सुझावहरूको पूर्ण पालना हुनुपर्नेछ ।

(छ) सम्झौताको आधार

विगतमा सम्झौता भएका शीर्षकहरूका लागि सम्झौता रकमका आधारमा व्यवसाय सम्बद्ध कर वा दस्तुर कायम गर्न सक्नेछ । उदाहरणका लागि स्थानीय सरकारद्वारा लगाइने बहुवर्षीय ठेक्कापट्टाबापत बुझाउनुपर्ने कर वा दस्तुर सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ ।

(ज) मूल्य वृद्धि तथा तथा जनसंख्याको औसत वृद्धि आधार

उद्यम तथा व्यवसायमा लगाइने करका दरहरूमा बर्सेनि मूल्य वृद्धि तथा जनसंख्या वृद्धिको औसत अनुपातका आधारमा वृद्धि गरिनेछ । यसका लागि मूल्य वृद्धि तथा तथा जनसंख्या वृद्धिको योगलाई आधार मानी व्यवसाय करका दरहरूमा वृद्धि गर्न सकिन्छ ।

(झ। सन्दर्भ आधार

व्यवसाय कर लगाउनुपर्ने नयाँ वस्तु वा सेवा भएमा नजिकका र तुलनायोग्य अन्य स्थानीय तहको व्यवसाय करलाई सन्दर्भ लिई अनुमानका आधारमा व्यवसाय करका दरहरू कायम गर्न सकिन्छ ।

(ञ) यथार्थ राजस्व संकलन आधार

आगामी आर्थिक वर्षको व्यवसाय करका दरहरू प्रस्ताव गर्दा व्यवसाय कर शीर्षकअन्तर्गत प्रत्येक उपशीर्षकमा अघिल्लो आर्थिक वर्षको यथार्थ संकलन र चालु आर्थिक वर्षको संशोधित अनुमानलाई आधार मानी आगामी आर्थिक वर्षका लागि व्यवसाय कर शीर्षकअन्तर्गत प्रत्येक उपशीर्षकमा लगाउने करका दरहरू निर्धारण गर्न सकिन्छ ।

परिच्छेद– ४
सिरानचोक गाउँपालिकाको व्यवसाय कर सुधार योजना

४.१ व्यवसाय कर सुधार योजनाको औचित्य

सिरानचोक गाउँपालिकामा व्यवसाय कर सुधार योजनाको आवश्यकतालाई निम्न बुँदाहरूले प्रस्ट्याउँदछ :

(क) सिरानचोक नगरपालिकाको आर्थिक वर्ष २०७५/७६ र आर्थिक वर्ष २०७६/७७ मा लागू गरिएको व्यवसाय करको सूची र करका दरहरू हेर्दा विषयगत आधारमा एकमुष्ट रकम तोकिएको र सोको सूची निकै लामो छ। यसमा व्यापक सुधार गरी प्रगतिशील व्यवसाय करको दर निर्धारण गर्नुपर्ने आवश्यकता छ।

(ख) व्यवसाय करलाई सरल, सहज, तिर्न सक्ने क्षमता एवं व्यवसायमैत्री बनाउनेतर्फ यथोचित ध्यान दिइनुपर्ने हुँदा सोहीबमोजिमको नीति तय गरी कार्यान्वयन गरिनु उपयुक्त हुन्छ। गाउँपालिकाले सबै व्यवसायलाई व्यवसाय करको दायरामा समेट्न व्यवसाय कर लगाउँदा पुँजीगत लगानी एवं कारोबारको परिमाणमा आधारित गर्नुपर्ने आवश्यकता छ। व्यवसाय करको प्रतिशत वा रकम भने समन्यायिक हुनुपर्ने हुन्छ ।

(ग) बढी परिमाण तथा मूल्यमा कारोबार गर्ने संगठित व्यवसायहरूको हकमा त्यस्ता व्यवसायको लेखा राखिने, वासलात तयार हुने र लेखापरीक्षण भई आय निर्धारण हुने हुँदा कारोबारको प्रमाणित वित्तीय विवरणका आधारमा व्यवसाय कर लगाउनु उपयुक्त हुन्छ।

(घ) गाउँपालिकामा व्यवसाय करलाई कारोबारमा आधारित गरिँदा संघीय सरकारले लगाउने मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र आयकरसँग दोहोरोपन हुने नभई पालिकामा व्यवसाय गर्दाको मात्र कर भन्ने बुझाइको महसुस गराउनुपर्ने हुन्छ । अर्थात् दुवै तहमा लगाइने उपरोक्त करका शीर्षकहरूको आधारमा नै भिन्नता रहेको भन्ने प्रस्ट्याइनुपर्ने हुन्छ।

(ङ) संघीय स्तरमा लघु तथा साना स्तरका व्यवसायलाई कारोबारको विवरण पेस गर्न नपर्ने गरी विशेष छुटहरू प्रदान गरिएको स्थितिमा सिरानचोक गाउँपालिका जस्ता स्थानीय तहमा लघु घरेलु एवं साना स्तरका व्यवसायलाई कारोबारको प्रमाणित विवरण पेस गर्नमा कठिनाइ पर्ने हुँदा गाउँपालिकामा पनि लघु तथा साना स्तरका व्यवसायलाई कारोबारको विवरण पेस गर्न नपर्ने गरी विशेष सुविधा प्रदान गरिनुपर्ने देखिन्छ।

(च) व्यवसाय कर प्रणालीलाई थप प्रगतिशील बनाउन सहभागिताका आधारमा व्यवसाय करलाई सबै किसिमका व्यवसायसम्म विस्तार गर्नुपर्ने आवश्यकता छ।

माथि उल्लिखित औचित्यको पृष्ठभूमिमा व्यवसाय करको लक्ष्य, उद्देश्य, नीति तथा कार्यनीतिहरू सिफारिस गरिएका छन्।

४.२ व्यवसाय कर सुधार योजनाको लक्ष्य

गाउँपालिका क्षेत्रमा सञ्चालन हुने सबै किसिमका उद्यम व्यवसायबाट उत्पादन तथा व्यापार वृद्धि एवं रोजगारी सिर्जना भई आन्तरिक राजस्व परिचालनमा थप योगदान पुऱ्याउनु व्यवसाय कर सुधार योजनाको लक्ष्य रहेको छ ।

४.३ व्यवसाय कर सुधार योजनाको उद्देश्य

(१) गाउँपालिकामा लगानी आकर्षित गरी उद्यम व्यवसायको प्रवर्द्धन गर्ने ।

(२) आगामि पाँच वर्षमा गाउँपालिकाको कुल आन्तरिक राजस्वमा व्यवसाय करको अनुपात कम्तीमा सात प्रतिशत पुऱ्याउने ।

४.४ व्यवसाय कर सुधार योजनाको नीति

- गाउँपालिकामा उद्यम व्यवसायको नियमनलाई सुदृढ गरी व्यवसाय करको दायरा विस्तार भएको हुने ।
- गाउँपालिकामा उद्यम व्यवसायको संख्या तथा लगानीमा वृद्धि भएको हुने ।
- गाउँपालिकामा व्यावसायिक संघ संस्था गठन, प्रवर्द्धन र नियमन भएको हुने ।

४.५ व्यवसाय कर सुधार योजनाको रणनीति

सिरानचोक गाउँपालिकाको व्यवसाय कर सुधार योजनाको रणनीतिहरू निम्नबमोजिम छन् :

(१) गाउँपालिकाभित्र सञ्चालन गरिने व्यवसायलाई उद्यमी तथा व्यवसायीको तिर्नसक्ने क्षमताको आधारमा व्यवसाय करको दायरामा समेटिनेछ ।

(२) व्यवसाय कर प्रणालीलााई उद्देश्यात्मक, स्वच्छ, अनुकूल एवं पारदर्शी तुल्याइनेछ ।

(३) व्यवसाय करको संरचना र दरमा सामयिक सुधार गरी सरल र समन्यायिक बनाइनेछ ।

(४) कुल आन्तरिक राजस्वमा व्यवसाय करको अनुपातलाई क्रमिक रूपमा बढाउँदै लगिनेछ ।

(५) व्यवसाय कर शिक्षालाई बढावा दिइनेछ ।

(६) व्यवसाय कर प्रशासनमा सुशासन र पारदर्शिता कायम गरिनेछ ।

४.६ व्यवसाय कर सुधार योजनाको कार्यनीति

सिरानचोक गाउँपालिकाको व्यवसाय कर सुधार योजनाको रणनीतिहरूलाई कार्यान्वयनमा उतार्न प्रत्येक रणनीतिहरूको सम्बन्धमा देहायबमोजिमका कार्यनीतिहरू निर्धारण गरिएका छन् :

तालिका – ३ : व्यवसाय कर सुधार योजनाको रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. गाउँपालिकाभित्र सञ्चालन गरिने व्यवसायलाई उद्यमी तथा व्यवसायीको तिर्न सक्ने क्षमताका आधारमा करको दायरमा समेट्ने ।	१.१ उद्यम व्यवसायको दर्ता, नवीकरण, नियमन लगायतका कार्यहरूलाई गाउँपालिकाको उद्यम व्यवसाय (स्थापना तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०७७ द्वारा सहज तुल्याई व्यवसाय करको दायरालाई विस्तार गरिनेछ । १.२ विद्यमान तथा सम्भाव्य उद्यम व्यवसायका अवसरहरूबारे

	अध्ययन विश्लेषण गरिनेछ । १.३ गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका उद्यम व्यवसायहरूको लगत अद्यावधिक गरिनेछ । १.४ उद्यम व्यवसाय करलाई व्यवसायीको तिर्न सक्ने क्षमतामा आधारित हुने गर्न पुँजी लगानी र कारोबारसँग आबद्ध गरी तोकिएबमोजिम व्यवसाय कर लगाइनेछ । १.६ गाउँपालिकाभित्र बढी आर्थिक कारोबार हुने बजार केन्द्रहरूलाई छुट्याई (Zoning) दुर्गम स्थल भनी तोकिएका स्थानहरूमा सञ्चालन हुने उद्यम व्यवसायलाई प्रोत्साहन गर्न व्यवसाय करका दरहरूमा तोकिएबमोजिमको छुट दिइनेछ । १.७ दलित, महिला, अपांगता भएका र गरिबीको प्रमाणपत्र पाएका विपन्न वर्गले सञ्चालन गर्ने रु. १० लाखसम्म पुँजी लगानी भएका उद्यम व्यवसायलाई प्रोत्साहन गर्न व्यवसाय करका दरहरूमा तोकिए बमोजिमको छुट दिइनेछ । १.८ कृषि व्यवसाय (पशुपालनसमेत), वन पैदावर र पर्या–पर्यटन उद्यम व्यवसायलाई प्रोत्साहन गर्न व्यवसाय करमा तोकिए बमोजिमको छुट गरिनेछ । १.१० औद्योगिक ग्राममा स्थापना भएका उद्यम व्यवसायलाई प्रोत्साहन गर्न लाग्ने व्यवसाय करमा तोकिए बमोजिमको छुट दिइने गरिनेछ । १.११ सहकारी संस्थाको स्वामित्वमा स्थापना भएका उद्यम व्यवसायलाई प्रोत्साहन गर्न लाग्ने व्यवसाय करमा तोकिए बमोजिमको छुट गरिनेछ ।
२. गाउँपालिकाको व्यवसाय कर प्रणालीलाई वर्गीकृत, उद्देश्यात्मक, स्वच्छ, अनुकूल एवं पारदर्शी तुल्याउने ।	२.१ गाउँपालिकाको विद्यमान व्यवसाय कर प्रणालीको सम्भाव्यता बारे अध्ययनका आधार पुनरावलोकन गरिनेछ । २.२ गाउँपालिकाभित्र सञ्चालन हुने उद्यम व्यवसायलाई विद्यमान आर्थिक अवसर एवं उद्देश्यात्मक आधारमा वर्गीकरण गरी व्यवसाय करको संरचना निर्धारण गरिनेछ । २.३ गाउँपालिकाको व्यवसाय करलाई उद्देश्यात्मक एवं तिर्न सक्ने क्षमता अनुकूल तुल्याउने गरी निम्नबमोजिमको कार्यनीतिको अवलम्बन गरिनेछः (क) रु. १ लाखसम्मको पुँजी लगानी र वार्षिक रु. ५ लाखसम्मको कारोबार हुने लघु तथा घरेलु उद्यमीलाई वार्षिक एकमुष्ट रकम तिर्नुपर्ने गरी व्यवसाय कर लगाइनेछ ।

	(ख) रु. १ लाखभन्दा माथि रु. १० लाखसम्मको पुँजी लगानी र वार्षिक रु. ५० लाखसम्मको कारोबार हुने उद्यम व्यवसायलाई कारोबार स्वःघोषणाको आधारमा व्यवसाय कर लगाइनेछ । (ग) रु. १० लाखभन्दा माथि रु. २० लाखसम्मको पुँजीगत लगानी भई बढीमा रु. १ करोडसम्मको कारोबार हुने उद्यम व्यवसायलाई व्यवसायीद्वारा पेस भएको कारोबार प्रमाणित गर्ने कागजातको आधारमा व्यवसाय कर लगाइनेछ । (घ) रु. २० लाखभन्दा बढीको पुँजीगत लगानी र वार्षिक रु. १ करोडभन्दा बढी कारोबार हुने उद्यम व्यवसायको हकमा लेखापरीक्षकद्वारा प्रमाणित वित्तीय विवरणको आधारमा व्यवसाय कर लगाइनेछ । २.४ व्यवसाय कर निर्धारण प्रक्रियालाई पारदर्शी एवं करदातामैत्री तुल्याइनेछ । २.५ व्यवसाय करका दरहरूको सम्बन्धमा सुझाव दिँदा गाउँपालिकाको राजस्व परामर्श समितिमा निजी क्षेत्रको प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ ।
३. व्यवसाय करको संरचना र दरमा सामयिक सुधार गरी सरल र समन्यायिक बनाउने ।	३.१ विद्यमान व्यवसाय कर संरचनाको सूक्ष्म अध्ययन गरिनेछ । ३.२ व्यवसाय करलाई सरल र समन्यायिक बनाउन आवश्यक विकल्पहरूको अवलम्बन गरिनेछ । ३.३ व्यवसाय कर प्रणालीलाई प्रगतिशील एवं समन्यायिक बनाउन पुँजीगत लगानी एवं कारोबारको आधारमा मिश्रित व्यवसाय कर प्रणाली अँगालिनेछ । ३.४ लघु एवं स-साना स्तरका उद्यम व्यवसायलाई अभिलेखन प्रयोजनका लागि व्यवसाय कर प्रणालीको दायरामा समेट्न न्यूनतम एकमुष्ट रकम व्यवसाय कर लिइनेछ । ३.५ आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र व्यवसाय कर निर्धारण गराई निर्धारित करको रकम बुझाउने व्यवसायीलाई व्यवसाय करको रकममा दस प्रतिशत छुट दिइनेछ । ३.६ व्यवसाय करको सम्बन्धमा उद्यमीको गुनासो व्यवस्थापन गर्न गाउँपालिकाको उद्यम व्यवसाय (स्थापना तथा सञ्चालन) सम्बन्धी कार्यविधिमा उल्लेख भएबमोजिमको उद्यम प्रवर्द्धन तथा सहजीकरण समितिलाई क्रियाशील तुल्याइनेछ ।

४.गाउँपालिकाको कुल आन्तरिक राजस्वमा व्यवसाय करको अनुपातलाई क्रमिक रूपमा बढाउँदै लाने ।	४.१ सबै प्रकारका आर्थिक तथा व्यावसायिक कारोबारलाई व्यवसाय करको दायरमा समेटी राजस्व परिचालन गरिनेछ । ४.२ व्यवसाय करको दरमा प्रगतिशील आधार अँगाली व्यवसायीको क्षमताको आधारमा राजस्व संकलन गरिनेछ । ४.३ व्यवसाय करको संरचना तथा संस्थागत व्यवस्थालाई व्यवसायमैत्री बनाई व्यवसाय कर संकलनमा उद्यमी तथा व्यवसायीको सहभागिता बढाइनेछ ।
५.गाउँपालिकामा व्यवसाय कर शिक्षालाई बढावा दिने ।	५.१ व्यवसाय करको सम्बन्धमा उद्यमी तथा व्यवसायीलाई उत्प्रेरित गर्न व्यवसाय कर शिक्षासम्बन्धी अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ । ५.२ व्यवसाय करको उद्देश्य, सिद्धान्त र आधारबारे उद्यमी तथा व्यवसायीलाई सुसूचित गर्न यससम्बन्धी जानकारी पुस्तिका तथा पोस्टरहरूको प्रकाशन तथा वितरण गरिनेछ । ५.३ निजी र सहकारी क्षेत्रका सरोकारवालाहरूसँग निरन्तर अन्तरक्रिया र छलफल गरी सहभागिताको आधारमा सचेतना तथा सहकार्यलाई प्रवर्द्धन गरिनेछ ।
६. व्यवसाय कर प्रशासनमा सुशासन र पारदर्शिता कायम गर्ने ।	६.१ व्यवसाय कर निर्धारण प्रक्रियालाई सरलीकृत गरी उद्यमी व्यवसायीलाई सहज तुल्याइनेछ । ६.२ व्यवसाय करका लागि उद्यमी तथा व्यवसायीले राख्नुपर्ने अभिलेख र भर्नुपर्ने फारामहरूलाई सरल बनाइनेछ । ६.३ व्यवसाय कर प्रयोजनका लागि राख्नुपर्ने अभिलेख र पेस गर्नुपर्ने फारामहरूलाई सूचना प्रविधिमा आधारित गरिनेछ । ६.४ उद्यम व्यवसाय सञ्चालन तथा व्यवसाय कर निर्धारण सम्बद्ध प्रक्रियाहरूलाई सहज तुल्याउन कार्यविधिहरूको विकास गरिनेछ । ६.५ व्यवसाय कर निर्धारण तथा संकलनमा उद्यमी तथा व्यवसायीलाई सहजीकरण गर्न गाउँपालिकामा करदाता सेवा कक्ष (Tax Payer Help Desk) सञ्चालन गरिनेछ । ६.६ व्यवसाय करप्रति सकारात्मक सोच बढाउन समयमा व्यवसाय कर बुझाउने उद्यमी तथा व्यवसायीमध्येबाट छनोट गरी वार्षिक रूपमा सम्मान गरिनेछ । ६.७ व्यवसाय कर प्रशासनसलाई पारदर्शी एवं सुदृढीकरण गरिनेछ । ६.८ व्यवसाय कर बुझाउने स्थान वडा कार्यालयलाई तोकिनेछ र वडा कार्यालयबाट घुम्ती असुलीको व्यवस्थासमेत गरी सहज रूपमा कर तिर्ने वातावरण सृजना गरिनेछ ।

	६.९ स्थानीय तहमा रहेका उद्यम तथा व्यवसाय संघसँगको सहकार्यमा व्यवसाय कर असुल गरी दाखिला गरेको आधारमा निश्चित रकम प्रोत्साहन दिन सकिनेछ । ६.१० व्यवसाय कर निर्धारणको जानकारी प्राप्त भएको पन्ध्र दिनभित्र व्यवसाय करको रकम गाउँपालिकामा दाखिला गर्नुपर्नेछ । ६.११ व्यवसाय करको रकम दाखिला हुँदा गाउँपालिकाले तोकिएबमोजिमको ढाँचामा सिलसिलेवार नम्बरसहितको राजस्व प्राप्ति रसिद दिनुपर्नेछ । ६.१२ गाउँपालिकाले बुझी लिने व्यवसाय करको रकम व्यवसाय कर मूल खातामा प्रविष्ट गरी व्यक्ति/संस्थाको सहायक खातामा प्रविष्ट गर्नुपर्नेछ । ६.१३ आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र व्यवसाय कर निर्धारण गराई रकम नबुझाउने व्यवसायीलाई प्रत्येक महिनाको बुझाउनुपर्ने व्यवसाय करको रकमको दस प्रतिशतका दरले जरिवाना लिइनेछ । ६.१४ आर्थिक वर्ष समाप्त एक वर्षसम्म पनि व्यवसाय कर नबुझाएमा गाउँपालिकाले त्यस्तो व्यवसाय कानूनबमोजिम खारेज गर्न सक्नेछ । ६.१५ प्रत्येक आर्थिक वर्षमा व्यवसाय करबाट संकलित रकम र सोको उपयोग सम्बन्धमा गाउँपालिकाले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सार्वजनिकीकरण गर्नुपर्नेछ । ६.१६ व्यवसाय कर सुधार योजनामा उल्लेख गरिएका कार्यनीतिमा उल्लिखित बुँदाहरूलाई कानूनी आधार आवश्यक पर्नेमा गाउँपालिकाको आर्थिक ऐनद्वारा सम्बोधन गरिनेछ ।

४.७ सिरानचोक गाउँपालिकाको व्यवसाय करको प्रस्तावित संरचना

माथि उल्लेख गरिएका रणनीति तथा कार्यनीतिहरूको आधारमा व्यवसाय करलाई समन्यायिक एवं प्रगतिशील बनाउने गरी निम्नबमोजिमको व्यवसाय कर संरचना प्रस्ताव गरिएको छ । व्यवसाय करका दरहरू प्रस्तावित गर्दा औसतमा पुँजीगत लगानीको पाँच गुणा बढी अनुपातमा कारोबार हुने मान्यता लिइएको छ । प्रस्तावित व्यवसाय कर (तालिका ४ र ५) को सम्बन्धमा सिरानचोक गाउँपालिकाका पदाधिकारीहरू र निजी क्षेत्रसँग संयुक्त रूपमा छलफल गरिएको छ ।

तालिका – ४ : व्यवसाय करको प्रस्तावित संरचना

क्र. सं.	पुँजीगत लगानी रकमको सीमा	वार्षिक कारोबार रकमको सीमा	व्यवसाय करको वार्षिक रकम
१	रु. १० हजारसम्मको पुँजीगत लगानी	रु. ५० हजारसम्मको वार्षिक कारोबार	रु.२००/–
२	रु. १० हजारभन्दा बढी रु. २० हजारसम्मको पुँजीगत लगानी	रु. ५० हजारभन्दा बढी रु. १ लाखसम्मको वार्षिक कारोबार	रु.२५०/–
३	रु. २० हजारभन्दा बढी रु. ४० हजारसम्मको पुँजीगत लगानी	रु. १ लाखभन्दा बढी रु. २ लाखसम्मको वार्षिक कारोबार	रु.३००/–
४	रु. ४० हजारभन्दा बढी रु. ८० हजारसम्मको पुँजीगत लगानी	रु. २ लाखभन्दा बढी रु. ४ लाखसम्मको वार्षिक कारोबार	रु.४००/–
५	रु. ८० हजारभन्दा बढी रु. १ लाखसम्मको पुँजीगत लगानी	रु. ४ लाखभन्दा बढी रु. ५ लाखसम्मको वार्षिक कारोबार	रु.५००/–
६	रु. १ लाखभन्दा माथि रु. ५ लाखसम्मको पुँजीगत लगानी	रु. ५ लाखभन्दा बढी रु. २५ लाखसम्मको वार्षिक कारोबार	वार्षिक कारोबारको कुल रकममध्ये पहिलो रु. ५ लाखमा व्यवसाय कर रु.५००/– कायम गरी त्यसपछिको २० लाखमा प्रति रु.१ लाखमा रु.५०/– का दरले कारोबारको आधारमा व्यवसाय कर लगाउने
७	रु. ५ लाखभन्दा माथि रु. १० लाखसम्मको पुँजीगत लगानी	रु. २५ लाखभन्दा बढी रु. ५० लाखसम्मको वार्षिक कारोबार	वार्षिक कारोबारको कुल रकममध्ये पहिलो रु. ५ लाखमा व्यवसाय कर रु. ५००/– र त्यसपछिको २० लाखमा प्रति १ लाख रु. ५०।- र त्यसपछिको २५ लाखमा प्रति रु. १ लाखमा रु. ७५/– का दरले कारोबारको आधारमा व्यवसाय कर लगाउने
८	रु. १० लाखभन्दा माथि रु.२० लाखसम्मको पुँजीगत लगानी	रु. ५० लाखभन्दा बढी रु. १ करोडसम्मको वार्षिक कारोबार	वार्षिक कारोबारको कुल रकममध्ये पहिलो रु. ५ लाखमा व्यवसाय कर रु. ५००/– कायम गरी सो पछिको रु.२० लाखमा प्रति १ लाख ५०।-, त्यसपछिको २५ लाखमा प्रति रु. १ लाखमा रु. ७५/– र त्यस पछिको ५० लाखमा प्रति रु. १ लाखमा रु. १२५/– का दरले कारोबारको आधारमा व्यवसाय कर लगाउने ।
९	रु. २० लाखभन्दा बढीको पुँजीगत लगानी	रु. १ करोडभन्दा बढीको वार्षिक कारोबार	वार्षिक कारोबारको कुल रकममध्ये पहिलो रु.५ लाखमा व्यवसाय कर रु५००/– कायम गर्ने र त्यसपछिको २० लाखमा प्रति १

			लाख रु.५०।-, त्यसपछिको २५ लाखमा प्रति रु.१ लाखमा रु.७५/–, त्यसपछिको ५० लाखमा प्रति रु.१ लाखमा रु.१२५/– र त्यसपछिको जतिसुकै भए पनि प्रति रु. १ लाखमा रु.१५०/– का दरले कारोबारको आधारमा व्यवसाय कर लगाउने ।

द्रष्टव्यः माथि उल्लेख भएबमोजिमको अघिल्लो तहको पुँजीगत लगानी गरी पछिल्लो तहको वार्षिक कारोबार गरेकोमा वार्षिक कारोबारको आधारमा नै व्यवसाय कर लगाउने ।

गाउँपालिकाको आर्थिक ऐनमा समावेश भएपछि लागू हुने गरी व्यवसाय करमा निम्नानुसारको छुट सिफारिस गरिएको छ :

तालिका – ५ : व्यवसाय करमा प्रस्तावित छुटको प्रतिशत

क्र.सं.	उद्यम व्यवसायको किसिम	व्यवसाय करमा प्रस्तावित छुटको प्रतिशत
१	गाउँपालिकाद्वारा दुर्गम स्थल भनी तोकिएका स्थानहरूमा सञ्चालन हुने व्यवसायमा	व्यवसाय करका दरहरूमा ५० प्रतिशत छुट दिने
२	विकट भौगोलिक क्षेत्रका बासिन्दा, विपन्न समुदाय, अपांगता भएका तथा महिला उद्यमीद्वारा सञ्चालन गर्ने रु. दस लाख सम्म पुँजी लगानी भएका उद्यम व्यवसायमा	व्यवसाय करका दरहरूमा ५० प्रतिशत छुट दिने
३	कृषि व्यवसाय (पशु पालनसमेत), वन पैदावर र पर्या–पर्यटन उद्यम व्यवसायमा	माथि प्रस्तावित दरमा व्यवसाय करको कुल रकम हिसाब गरी कुल अंकमा व्यवसाय करमा २५ प्रतिशत छुट दिने
४	औद्योगिक ग्राममा सञ्चालन हुने उद्यम व्यवसाय	माथि प्रस्तावित दरमा व्यवसाय करको कुल रकम हिसाब गरी कुल अंकमा व्यवसाय करमा २५ प्रतिशत छुट दिने
५	सहकारीको स्वामित्वमा सञ्चालन गरिने उद्यम व्यवसाय	माथि प्रस्तावित दरमा व्यवसाय करको कुल रकम हिसाब गरी कुल अंकमा व्यवसाय करमा २५ प्रतिशत छुट दिने

४.८ व्यवसाय कर सुधार योजनाका अपेक्षित प्रतिफलहरू

सिरानचोक गाउँपालिकाको व्यवसाय कर सुधार योजनाका कार्यान्वयनबाट प्राप्त हुने प्रतिफल, सूचक र सूचक हासिल हुने अवधि निम्नानुसार रहेका छन् :

तालिका – ६ : व्यवसाय कर सुधार कार्ययोजना									
क.सं	प्रतिफलहरू	सूचकहरू	आधार वर्ष २०७७/७८	प्रतिफल सूचकहरूको प्रक्षेपण					कैफियत
				२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	
१	गाउँपालिकामा सञ्चालनमा रहेका उद्यम व्यवसायलाई व्यवसाय करको दायरमा समेटिएको हुने	व्यवसाय कर दाताको अभिलेखिकरण	नभएको	२०० व्यवसाय	३०० व्यवसाय	५०० व्यवसाय	६०० व्यवसाय	७०० व्यवसाय	
२	गाउँपालिकामा बढी आर्थिक कारोबार हुने बजार केन्द्रहरू र दुर्गम स्थल छुट्याई (Zoning) व्यवसाय करका दरहरू निर्धारण गर्ने नीति अवलम्बन भएको हुने	गाउँपालिकामा बढी आर्थिक कारोबार हुने बजार केन्द्रहरू र दुर्गम स्थल छुटयाई (Zoning) गरी व्यवसाय करका दरहरू निर्धारण गर्ने नीतिको विकास	नभएको	गाउँपालिकामा बढी आर्थिक कारोबार हुने बजार केन्द्रहरू र दुर्गम स्थल छुटयाई (Zoning) व्यवसाय करका दरहरू निर्धारण गर्ने नीतिको कार्यान्वयन					
३	व्यवसाय करलाई व्यवसायीको तिर्न सक्ने क्षमतामा आधारित हुने गरी पुँजी लगानीका साथै कारोबारमा आधारित गर्न व्यवसायको स्तर र किसिमको आधारमा वर्गीकरण भएको हुने	व्यवसाय कर प्रयोजनका लागि व्यवसायको स्तर र किसिमको आधारमा वर्गीकरण	नभएको	तिर्न सक्ने क्षमतामा आधारित हुने गरी व्यवसाय करलाई पुंजी लगानीका साथै कारोबारमा आधारित व्यवसायको वर्गीकृत व्यवसाय कर प्रणालीको कार्यान्वयन					
४	व्यवसाय करका दरहरू समन्यायिक भएको हुने	व्यवसाय करका दरहरू समन्यायिक आधारमा निर्धारण	नभएको	समन्यायिक व्यवसाय कर संरचनाको कार्यान्वयन					
५	लघु तथा स-साना स्तरका व्यवसायीलाई अभिलेखीकरण प्रयोजनका लागि मात्र व्यवसाय करको दरमा समेटिएको हुने	लघु तथा स-साना स्तरका व्यवसायीलाई न्यून व्यवसाय कर निर्धारण	नभएको	लघु तथा स-साना स्तरका व्यवसायीलाई न्यून व्यवसाय कर भारको कार्यान्वयन					
६	लक्षित् समूह (दलित, विपन्न वर्ग र महिला) ले सञ्चालन गर्ने लघु, घरेलु स–साना व्यवसायलाई व्यवसाय करमा सहुलियत दिएको हुने	लक्षित समूहलाई व्यवसाय करमा सहुलियत प्रदान	नभएको	लक्षित समूहलाई व्यवसाय करको दरमा सहुलियतको कार्यान्वयन					
७	औद्योगिक ग्राममा स्थापना भएका उद्यम व्यवसायलाई व्यवसाय करमा सहुलियत दिएको	औद्योगिक ग्राममा स्थापना भएका उद्यम व्यवसायलाई व्यवसाय	नभएको	औद्योगिक ग्राममा स्थापना भएका उद्यम व्यवसायलाई सहुलियतपूर्ण व्यवसाय करको कार्यान्वयन					

तालिका – ६ : व्यवसाय कर सुधार कार्ययोजना									
क्र.सं	प्रतिफलहरू	सूचकहरू	आधार वर्ष २०७७/७८	प्रतिफल सूचकहरूको प्रक्षेपण					कैफियत
				२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	
	हुने	करमा सहुलियत प्रदान							
८	कृषि व्यवसाय (पशु पालनसमेत) र पर्या–पर्यटन उद्यम व्यवसायलाई व्यवसाय करमा सहुलियत दिएको हुने	कृषि व्यवसाय (पशु पालनसमेत) र पर्या–पर्यटन उद्यम व्यवसायलाई व्यवसाय करमा सहुलियत	नभएको	कृषि व्यवसाय (पशु पालनसमेत) र पर्या–पर्यटन उद्यम व्यवसायलाई सहुलियतपूर्ण व्यवसाय करको कार्यान्वयन					
९	सहकारी उद्यम व्यवसायलाई व्यवसाय करमा सहुलियत दिएको हुने	सहकारी उद्यम व्यवसायलाई व्यवसाय करमा सहुलियत	नभएको	सहकारी व्यवसायलाई सहुलियतपूर्ण व्यवसाय करको कार्यान्वयन					
१०	तोकिएको समय सीमाभित्र व्यवसाय कर बुझाउने व्यवसायी उत्प्रेरित भएको हुने	व्यवसाय कर छिटो बुझाउने समय सीमाको निर्धारण	नभएको	व्यवसाय कर छिटो बुझाउने समय सीमाको कार्यान्वयन					
११	व्यवसाय करको सम्बन्धमा व्यवसायीलाई उत्प्रेरित गर्न व्यवसाय करसम्बन्धी अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन भएको हुने	(क) व्यवसाय करसम्बन्धी अभिमुखीकरण निर्देशिकाको विकास (ख) व्यवसाय करसम्बन्धी जानकारीका लागि पुस्तिका तथा पोस्टरहरूको प्रकाशन	नभएको	(क) व्यवसाय करसम्बन्धी अभिमुखीकरण निर्देशिकाको कार्यान्वयन (ख) व्यवसाय करसम्बन्धी जानकारी पुस्तिका तथा पोस्टरहरूको वितरण					
१२	व्यवसाय कर सम्बन्धमा व्यवसायीलाई सहजीकरण गर्न करदाता सेवा कक्ष (Tax Payer Help Desk) सञ्चालन भएको हुने	गाउँपालिकामा व्यवसाय कर करदाता सेवा कक्ष (Tax Payer Help Desk) को स्थापना	नभएको	गाउँपालिकामा व्यवसाय कर करदाता सेवा कक्ष (Tax Payer Help Desk) को सञ्चालन					
१३	व्यवसाय कर सम्बन्धमा गुनासो व्यवस्थापनका लागि निजी क्षेत्रको सहभागितासहित संस्थागत व्यवस्थापन भएको हुने	व्यवसाय करसम्बन्धी गुनासो व्यवस्थापनका लागि संरचनाको व्यवस्था	नभएको	व्यवसाय कर सम्बन्धमा गुनासो व्यवस्थापनका लागि निजी क्षेत्रको सहभागितासहित संस्थागत संरचनाको कार्यान्वयन					

तालिका – ६ : व्यवसाय कर सुधार कार्ययोजना									
क.सं	प्रतिफलहरू	सूचकहरू	आधार वर्ष २०७७/७८	प्रतिफल सूचकहरूको प्रक्षेपण					कैफियत
				२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	
१४	व्यवसाय दर्ता, नवीकरण तथा व्यवसाय कर निर्धारण कार्यलाई सहज तुल्याउन वडा तहमा घुम्ती शिविर सञ्चालन भएको हुने	व्यवसाय दर्ता, नवीकरण तथा व्यवसाय कर निर्धारणका लागि वडा तहमा घुम्ती शिविरको व्यवस्था	नभएको	वडा स्तरमा व्यवसाय दर्ता, नवीकरण तथा व्यवसाय कर निर्धारणका लागि घुम्ती शिविरको संचालन					
१५	व्यवसाय करका दरहरूको सम्बन्धमा सुझाव दिँदा गाउँपालिकाको राजस्व परामर्श समितिमा निजी क्षेत्रको प्रतिनिधित्व भएको हुने	व्यवसाय करका दरहरूको सम्बन्धमा सुझाव दिँदा राजस्व परामर्श समितिमा निजी क्षेत्रको प्रतिनिधित्वको व्यवस्था	नभएको	व्यवसाय करका दरहरूको सम्बन्धमा सुझाव दिँदा गाउँपालिकाको राजस्व परामर्श समितिमा निजी क्षेत्रको प्रतिनिधित्व कार्यान्वयन					
१६	व्यवसाय करको निर्धारण तथा लेखांकनमा गाउँपालिकाको क्षमता विकास भएको हुने	व्यवसाय करको निर्धारण तथा लेखांकनमा गाउँपालिकाको क्षमता विकास	नभएको	व्यवसाय करको निर्धारण तथा लेखांकनमा गाउँपालिकाका कर्मचारीहरूलाई तालिम तथा अभिमुखीकरण सञ्चालन					

मुख्य क्रियाकलापहरू

- **व्यवसाय करको सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गर्ने**
- **व्यवसाय करलाई व्यवस्थित गर्न यससम्बन्धी निर्देशिका तयार गर्ने**
- **व्यवसाय करसम्बन्धी अभिमुखीकरण तथा तालिम प्रयोजनका लागि सन्दर्भ सामग्रीको विकास गर्ने**
- **कर करदाता सेवा कक्षको मार्गदर्शन तयार गर्ने**
- **व्यवसाय करसम्बन्धी गुनासो व्यवस्थापन समितिको गठन तथा सञ्चालन कार्यविधिको विकास गर्ने**
- **वडा स्तरमा व्यवसाय दर्ता, नवीकरण तथा व्यवसाय कर निर्धारणका लागि घुम्ती शिविर सञ्चालन कार्यविधिको विकास गर्ने**

४.९ व्यवसाय कर सुधार योजनाको सीमितता

- गाउँपालिकाको व्यवसाय कर सुधार योजनालाई उद्देश्यात्मक एवं नतिजामा आधारित गर्न विषयगत आधारमा सम्भाव्य व्यवसायहरूबारे विस्तृत सर्वेक्षण, अध्ययन, विश्लेषण कार्य हुन सकेको छैन ।
- गाउँपालिकाको व्यवसाय कर सुधार योजनामा कुन प्रकारको व्यवसाय करलाई कुन आधारमा निर्धारण गर्ने भन्नेबारे निर्क्योल गर्न सकिएको छैन ।
- गाउँपालिकाको व्यवसाय करको दायरा बढाउन व्यवसाय करका सम्भाव्य नयाँ स्रोतहरूबारे सम्भाव्यताका आधारमा पहिचान गर्न सकिएको छैन ।
- गाउँपालिकामा व्यवसाय करका प्रस्तावित दरहरू करको प्रयोजन एवं उद्यम व्यवसायको प्रकृति हेरी प्रस्ताव गरिएको छ । यसका औचित्यता एवं पुस्ट्याइँ सम्बन्धमा सूक्ष्म विश्लेषण गरिएको छैन ।
- गाउँपालिकाले लगाउने व्यवसाय कर र संघीय र प्रादेशिक करहरूको बीचमा पर्न सक्ने दोहोरोपनलाई न्यून गर्नका लागि ठोस नीतिहरू अँगालिएको छैन ।

अनुसूची- १

सिरानचोक गाउँपालिकामा आयोजित राजस्व सुधार कार्ययोजना, उद्यम व्यवसाय सम्बद्ध कार्यविधि र व्यवसाय कर सुधार योजना सम्बन्धी अभिमुखीकरण कार्यक्रममा उपस्थित महानुभावहरूको नामावली

मिति २०७७ असोज २६ गते, चित्रेपोखरी, गोरखा

क्र.सं.	नाम, थर	पद
१	श्री राजन भट्टराई	प्रमुख प्रशासकीय अधिकृत
२	श्री ज्ञनिन्द्र गुरुङ	वडा अध्यक्ष, वडा नं. २
३	श्री सुरज ढकाल	वडा अध्यक्ष, वडा नं. ७
४	श्री झटकप्रसाद दुवाडी	वडा अध्यक्ष, वडा नं. ८
५	श्री कुलबहादुर बराम	कार्यपालिका सदस्य
६	श्री जयकृष्ण ढकाल	वडा सदस्य
७	श्री नीरमाया पुरी (गिरी)	लेखा अधिकृत
८	श्री ई. सिदीप बराल	इन्जिनियर
९	श्री सुशीला पाण्डे	ना.प्रा.स
१०	श्री शारदा ढकाल	अधिकृत
११	श्री जनार्दन पोखरेल	वडा सचिव
१२	श्री अजिता राई	वडा सचिव
१३	श्री संगीता शर्मा	वडा सचिव
१४	श्री अहमद दिन मियाँ	सहायक पाँचौं
१५	श्री प्रकाश वली	लेखा सहायक पाँचौं
१६	श्री नेत्रप्रसाद पौडेल	आ.लेखा.प सहायक पाँचौं
१७	श्री संगीता सापकोटा	वडा सहायक
१८	श्री सकुन्तला घिमिरे	वडा सहायक
१९	श्री ज्ञानेन्द्रप्रसाद पोखरेल	शिक्षा शाखा स्रोतव्यक्ति
२०	श्री युवराज न्यौपाने	पशु सेवा प्राविधिक
२१	श्री अनिल रोमी	ना.पशुसेवा प्राविधिक
२२	श्री कमल लामिछाने क्षत्री	वडा सचिव
२३	श्री उत्तम वस्ती	रोजगार संयोजक
२४	श्री पशुपति घिमिरे	IMS Operator
२५	श्री मधु पौडेल	GIPME
२६	श्री अर्जुन विश्वकर्मा	योजना तथा प्रशासन सल्लाहकार
२७	श्री तृष्णा बराल	वडा सचिव

अनुसूची- २

सिरानचोक गाउँपालिकाको व्यवसाय करका दरहरूको विवरण

(आ.व. २०७६/७७ र आ.व. २०७७/७८ को गाउँसभाबाट पारित भएबमोजिम)

सि.नं.	व्यवसायीको नाम	श्रेणी	स्वीकृत दर
१.	मदिरा पसल	क) खुद्रा बिक्री	१०००/-
		ख) थोक तथा खुद्रा बिक्री	२०००/-
		ग) चुरोट तथा गुट्खा, सुर्ती पसल	१०००/-
२.	अन्य डिलरसमेत थोक विक्रेता/ सप्लायर्स		२०००/-
३.	निर्माण सामग्री विक्रेता	क) एक मात्र डिलरसिप भएको	१०००/-
		ख) एकभन्दा बढी डिलरसिप भएको	१०००/-
४.	इलेक्ट्रोनिक्स पसल	क) विद्युतीय सामान, कम्प्युटर, टिभी, रेडियो, घडी, मोबाइल, मर्मत	१०००/-
		ख) विद्युतीय सामान, कम्प्युटर, टिभी, रेडियो, घडी, मोबाइल, मर्मत तथा बिक्री केन्द्र	१५००/-
५.	किराना पसल	क) थोक तथा खुद्रा बिक्री पसल	२०००/-
		ख) खुद्रा बिक्री पसल	१०००/-
६.	फेन्सी/कस्मेटिक पसल	क) फेन्सी थोक तथा खुद्रा बिक्री पसल	२०००/-
		ख) फेन्सी खुद्रा पसल बिक्री पसल	१५००/-
		ग) कस्मेटिक थोक तथा खुद्रा बिक्री पसल	२०००/-
		घ) कस्मेटिक खुद्रा बिक्री पसल	१५००/-
		ङ) कपडा तथा फेन्सी पसल	१५००/-
		च) फेन्सी तथा कस्मेटिक पसल	२०००/-
७.	स्वास्थ्य सेवा	क) क्लिनिक/मेडिकल	१५००/-
		ख) फार्मेसी	२०००/-
		ग) सामुदायिक अस्पताल	३०००/-
		घ) भेटनरी/एग्रोभेट पसल	१५००/-
८.	निर्माण व्यवसाय	क) घ वर्गको इजाजत पत्र	१५०००/-
		ख) निजी ठेकेदार लेबर कन्ट्याक्टर दर्ता तथा नवीकरण	३०००/-

सि.नं.	व्यवसायीको नाम	श्रेणी	स्वीकृत दर
		ग) नवीकरण	१००००/-
९.	होटल/रेष्टुरेन्ट	क) खाजा घर/होटल	१५००/-
		ख) रेष्टुरेन्ट	२०००/-
		ग) होटल एन्ड लज	२५००/-
		घ) रिसोर्ट	३०००/-
१०.	उद्योग	क) रेलिङ तथा ब्लक उद्योग	२५००/-
		ख) साना आलुचिप्स, दालमोठ जस्ता उद्योग	१५००/-
		ग) आल्मुनियम ग्रिल उद्योग	२०००/-
		घ) पारोट्टी/बेकरी उद्योग	१५००/-
		ङ) मिनिरल वाटर उद्योग	३०००/-
		च) क्रसर उद्योग	१००००/-
		छ) ढुङ्गा तथा मार्बल उद्योग	१०००/-
११.	फर्निचर उद्योग तथा काठ बिक्री वितरण		५०००/-
१२.	कम्प्युटर इन्स्टिच्युट		१०००/-
१३.	फ्याक्स, इन्टरनेट, साइबर, कुरियर्स सेवा मात्र		१०००/-
१४	वित्तीय कम्पनीहरू	क) वाणिज्य बैंक शाखा	३०००/-
		ख) विकास बैंक शाखा	२५००/-
		ग) लघुवित्त तथा फाइनान्स संस्था शाखा	२०००/-
		घ) बहुउद्देश्य सहकारी	१५००/-
		ङ) कृषि सहकारी	१०००/-
		च) मनी ट्रान्सफर	१५००/-
		छ) बिमा कम्पनी शाखा	१५००/-
१५.	फर्निचर तथा फर्निसिङ	फर्निचर तथा फर्निसिङ खुद्रा बिक्री	२०००/-
१६.	निजी विद्यालयहरू	क) पूर्व प्रा.वि र नि.मा.वि सम्म	१०००/-
		ख) मा.वि	२०००/-
		ग) उच्च मा.वि, क्याम्पस	३०००/-
		घ) छात्रावास	१०००/-

सि.नं.	व्यवसायीको नाम	श्रेणी	स्वीकृत दर
१७.	वर्क सप	क) मोटरसाइकल मर्मत	१०००/-
		ख) लाइट गाडी मर्मत	२०००/-
		ग) हेभी गाडी मर्मत	३०००/-
१८.	ब्युटी पार्लर		१०००/-
१९.	सेवा उद्योग	क) फोटोकपी/कलर प्रिन्ट सेवा	१०००/-
		ख) एफ्.एम्. रेडियो	२०००/-
२०.	कपडा/टेलरिङ	क) टेलरिङ	१०००/-
		ख) कपडा पसल	१०००/-
		ग) कपडासहित टेलरिङ	१५००/-
२१.	हेयर कटिङ		१०००/-
२२.	उत्पादनमूलक उद्योग	साना उद्योग	२०००/-
२३.	इलेक्ट्रिक पसल	क) थोक विक्रेता	१०००/-
		ख) थोक तथा खुद्रा विक्रेता	१५००/-
२४	माछा/मासु पसल	क) साधारण पसल	१०००/-
		ख) फ्रेस हाउस	१५००/-
		ग) अन्य	१०००/-
२५.	नेटवर्क केबल लाइन		१०००/-
२६.	स्टेसनरी		१०००/-
२७.	तरकारी तथा फलफूल	क) तरकारी	१०००/-
		ख) फलफूल तथा जुस	१०००/-
२८	मिल	क) एक थरी मात्र भएको	५००/-
		ख) एकभन्दा बढी भएको	१०००/-
२९.	सुनचाँदी पसल		२०००/-
३०.	समूह/क्लब	क) बाल क्लब	१००/-
		ख) समूह/युवा क्लब	१०००/-
३१.	कृषिमा आधारित	ग) फर्म	१०००/-
		घ) समूह	१५००/-
		ङ) सहकारी	२०००/-
३२.	सञ्चार सेवा		१५००/-
३३.	आयल निगम	क) एक मात्र पम्प वा कारोबार	३०००/-
		ख) एकभन्दा बढी पम्प वा कारोबार	५०००/-

सि.नं.	व्यवसायीको नाम	श्रेणी	स्वीकृत दर
३४.	भाडा पसल	क) थोक तथा खुद्रा पसल	१५००/-
		ख) खुद्रा पसल	१०००/-
३५.	क्याटरिङ	क) टेन्ट हाउस	५००/-
		ख) साउन्ड सिस्टम	५००/-
		ग) टेन्ट तथा साउन्ड सिस्टम	१०००/-
३६.	इन्जिनियरिङ कन्सल्टेन्सी	क) ओभरसियर	१०००/-
		ख) इन्जिनियर	१५००/-
		ग) संस्थागत	२०००/-
३७.	कन्सल्टेन्सी (घरनक्सा निर्माण)		५०००/-
३८.	पसल	क) जुत्ता/चप्पल	१०००/-
		ख) चुरा/पोते	१०००/-
		ग) दाना	२०००/-
३९.	फर्म	क) कुखुरा	१०००/-
		ख) बाख्रा तथा बंगुर	१०००/-
		ग) गाई तथा भैंसी/ माछापालन	१०००/-
		घ) कृषि तथा पशुपन्छी	२०००/-
		ङ) कुखुरा, बंगुर तथा माछापालन	२०००/-
४०	विज्ञापन	क) व्यावसायिक प्रयोजन होडिङ बोर्ड	१०००/-
		ख) व्यावसायिक प्रयोजन बाल पेन्ट	५००/-
		ग) सूचनामूलक	२५०/-
४१	निजी खेलकुद स्थल	फुटसल	१०००/-
४२	कवाडी		५००/-
४३.	जलविद्युत् अनुमति	क. लघु जलविद्युत्	५०००/-
		ख. १ मेगावाटसम्म	१००००/-
		ग. १ मेगावाटदेखि ५ मेगावाटसम्म	१५०००/-
		घ. ५ मेगावाटदेखि माथि	२५०००/-

नोटः- कृषि तथा पशु व्यवसाय, समूह र संघ संस्था दर्ता नवीकरण दर्ता शुल्कको ५०% लाग्नेछ । उत्पादकमूलक/व्यवसायजन्य तथा अन्य दर्ता शुल्कको ७५% लाग्नेछ।